# विद्यालय पुनः सञ्चालन कार्य प्रक्रिया, २०७७

## १. पृष्ठभूमि

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ का कारण नेपाल सरकारको निर्णयअनुसार मिति २०७६।१२।११ देखि सबै विद्यालयहरू बन्दको अवस्थामा रहेका छन् । विद्यालयमा बन्दको अवस्थामा विभिन्न वैकल्पिक माध्यमबाट विद्यार्थी सिकाइका गतिविधि सञ्चालन गर्ने प्रयत्न भएको भएतापनि ती प्रभावकारी हुन सकेनन् । पठन पाठनमा आएको अवरोध, बालबालिकाको सिकाइमा भएको क्षति आदि कारणले यदाकदा अभिभावकहरू विद्यालयमा प्रत्यक्ष पठनपाठन सञ्चालन गर्नु पर्ने पक्षमा रहेको देखिन्छ । अर्को तर्फ सङ्क्रमणका कारणबाट लामो समयसम्म बन्द रहेका विद्यालय स्थानीय र विद्यालय तहमा स्थानीय परिस्थितिको विश्लेषण गरी जोखिमको अवस्थाका आधारमा विद्यालय पुनः सञ्चालन तथा बन्द गर्ने कार्य प्रक्रियालाई व्यवस्थित र सुरक्षित बनाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी **'विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा,२०७७'** ले स्थानीय तह वा विद्यालयहरूलाई जिम्मेवारी प्रदान गरेको छ ।

नेपाल सरकारबाट जारी उक्त कार्य ढाँचाले व्यवस्था गरे अनुसार यस कनकाई नगर भित्र सञ्चालित प्रत्येक विद्यालयले सम्बन्धित सरोकारवालाहरूको सहभागितामा विद्यालयको सेवा क्षेत्रको समुदायमा महामारीको सङ्क्रमणको अवस्था विश्लेषण गरी विद्यालय खोल्ने आधारहरू तथा जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू तयार पारी विद्यालय पुनः सञ्चालन गर्न सक्ने अधिकार दिने गरी कनकाई नगर शिक्षा समितिको मिति २०७७।०८।१५ को निर्णयले यो विद्यालय पुनः सञ्चालन कार्य प्रक्रिया, २०७७ तयार पारी लागू गरेको छ।

## २. विद्यालय पुनः सञ्चालनका लागि विद्यालय सुरक्षित राख्न अपनाउनु पर्ने विधि तथा प्रकृयाहरू:

प्रत्येक विद्यालयमा गठन हुने सुरक्षित विद्यालय सञ्चालन सहजीकरण समितिले कोभिड-१९ सङ्क्रमणको विश्लेषणबाट विद्यालय सञ्चालन गर्न सुरक्षित भएको भएमा विद्यालय सञ्चालन गर्दा देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछ ।

१. प्रत्येक विद्यालयहरूमा शिक्षक, अभिभावक, विद्यालय समुदाय, बाल/युवाक्लब, जनप्रतिनिधि, स्वास्थ्यकर्मी आदिको समन्वय र सहभागितामा विद्यालय खोल्ने आधार तयार गरिएको हुनु पर्नेछ।

२. सबै बालबालिकाहरूको पहुँच हुने गरी बालविकास लगायतका सबै बालबालिकाहरूको सङ्ख्याका आधारमा सफापानी र साबुन सहितको हातधुने व्यवस्था भएको हुनु पर्नेछ ।

३. कक्षाकोठा, कार्यालय, रेलिङ, खाजा टेबल, खेल सामग्री, सिकाइ सामग्री र सवारी साधन आदिमा दिनमा कम्तीमा एकपटक प्रतिसक्रमण वा निर्मलीकरण गर्ने प्रबन्ध गर्नु पर्ने र सोको प्रयोग नियमित रूपमा हुने व्यवस्था हुनु पर्नेछ ।

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख
कनकाई नगरपालिका

४. विद्यालयमा छात्र छात्राका लागि अलग अलग शौचालय हुनु पर्ने तथा छात्राहरूका लागि सेनीटरी प्याडको व्यवस्था गरिएको हुनु पर्नेछ ।
५. आवश्यकता बमोजिम विद्यार्थीको स्वास्थ्य अवस्था जाँच गर्न प्राथमिक स्वास्थ्य उपचार कक्ष र आइसोलेसन कक्षको व्यवस्था मिलाइएको हुनु पर्नेछ ।
६. विद्यालयमा आउने बालबालिका, शिक्षक तथा विद्यालय कर्मचारीहरूमा स्वास्थ्य सम्बन्धी कुनै समस्या आएमा तत्काल अभिभावक वा घरपरिवारलाई जानकारी गराउने प्रबन्ध गरिएको हुनु पर्नेछ।
७. स्थानीय स्तरमा उपलब्ध स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, अस्पताल, एम्बुलेन्स आदिको सम्पर्क नम्बर सहितको विवरण अद्यावधिक भएको र आवश्यकता अनुसार बोलाउन सकिने प्रबन्ध गरिएको हुनु पर्नेछ।
८. विद्यार्थीहरू बीच सङ्क्रमण फैलिन नदीन उनीहरूको कक्षा कोठामा भौतिक दुरी कायम हुने गरी बस्ने व्यवस्था मिलाइएको हुनु पर्नेछ ।
९. विद्यालयलाई किटाणुरहित तथा स्वच्छ बनाउनका लागि नियमित सरसफाइ तथा निर्मलीकरण गर्ने प्रबन्ध मिलाउनका साथै सो कार्यको व्यवस्थापनको अनुगमनका जिम्मेवारी किटान भएको संयन्त्र निर्माण गरिएको हुनु पर्नेछ।
१०. विद्यालयमा कक्षा-५ सम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरिएको हुनु पर्नेछ ।
११. विद्यालयहरूले आफ्ना बालबालिकाहरूलाई मनोपरामर्श तथा उत्प्रेरणा गर्ने सिपको शिक्षकहरूलाई अभिमुखीकरण गरेको वा अन्य कुनै पूर्व तयारी गरेको हुनु पर्नेछ ।
१२. कठिन अवस्थाका बालबालिकाहरूलाई निरन्तर सिकाइका लागि वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम वैकल्पिक विधि सहितको उपचारात्मक सिकाइको व्यवस्था मिलाउनु पर्नेछ ।
१३. अध्ययनरत सबै बालबालिकाहरूलाई पाठ्यपुस्तक तथा सिकाइ सामग्री वितरणको प्रबन्ध गरी सबै बालबालिकाहरू सँग पाठ्यपुस्तकको सुनिश्चिता भएको हुनु पर्नेछ ।
१४. आवश्यकता परेको बखतमा सहज सम्पर्क तथा समन्वयका लागि विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, स्वास्थ्य संस्था, साझेदार संस्था तथा विद्यालय व्यवस्थापन समिति बीच समन्वय गर्ने उपयुक्त व्यवस्था मिलाउनु पर्नेछ ।
१५. विद्यालयका समग्र दैनिक गतिविधि, कार्यान्वयनको र आचारसंहिताको पालना भए नभएको अनुगमन तथा सो सम्बन्धमा आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाइएको हुनु पर्नेछ ।
१६. कोभिड-१९ को पुनः सङ्क्रमणको जटिलता वा अन्य विषम अवस्थामा आइपरेमा तत्काल गर्नुपर्ने प्रतिकार्यको तयारी वा योजना बनाइएको हुनु पर्नेछ ।
१७. विद्यालयमा स्वास्थ्य परीक्षण विना बाहिरी व्यक्तिहरूको प्रवेश निषेधको व्यवस्था ।
१८. विद्यालयमा प्रवेश गर्ने सम्पूर्ण विद्यार्थी, शिक्षक तथा विद्यालय कर्मचारीहरूले अनिवार्य रूपमा मास्क प्रयोग गर्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख
कनकाई नगरपालिका

१९. विद्यालयले स्वास्थ्यका दृष्टिले सुरक्षात्मक मापदण्ड भएको आचारसंहिता निर्माण गरी सबैले देख्ने ठाउँमा टाँस गर्नु पर्नेछ ।

२०. लामो समय सम्मको बन्द अवस्था पछि भएको विद्यालय सञ्चालनमा कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाहरूको आवश्यक सुधारका लागि पूर्वतयारीको गरिएको हुनु पर्नेछ ।

२१. शिक्षक, कर्मचारी वा विद्यार्थीमा सङ्क्रमण सम्बन्धी कुनै लक्षण देखिएमा तत्काल राख्नका लागि आइसोलेसन कक्षको व्यवस्था गर्ने र उनीहरूलाई स्वास्थ्य संस्था वा अभिभावक सम्म लैजाने व्यवस्था मिलाउनु पर्नेछ ।

२२. विद्यालय परिवार बाहेक अन्य व्यक्तिलाई प्रधानाध्यापकको स्वीकृतिमा मात्र विद्यालय परिसरमा प्रवेश पाउने व्यवस्था हुनु पर्नेछ ।

२३. विद्यार्थी बसाइको व्यवस्थापन गर्दा एक अर्को विद्यार्थी बीचमा पर्याप्त भौतिक दूरी कायम हुने गरी गर्नु पर्नेछ ।

२४. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइका लागि उनीहरूको आवश्यकता अनुसार सिकाइ सामग्री व्यवस्थापन र शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नु पर्नेछ ।विद्यालय सञ्चालन प्रक्रियाः

३. <u>पुनः सञ्चालन भएको विद्यालय बन्द गर्ने अवस्थाः</u>

यस कार्य प्रक्रिया बमोजिम सञ्चालन भएका विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीमा कोभिड-१९ को सङ्क्रमण देखिएमा वैकल्पिक व्यवस्था मिलाउनका साथै आवश्यकता अनुसार कुनै निश्चित कक्षा वा तह केही समयकालागि विद्यालयले नै बन्द गर्न सक्नेछ । जोखिमको अवस्था तीव्र भई पुनः बन्द गर्नु पर्ने भएमा सुरक्षित विद्यालय सञ्चालन सहजीकरण समितिको सिफारिसमा नगरले त्यस्तो विद्यालय बन्द गर्नेछ । यसरी बन्द रहेको विद्यालय जोखिम कम भएमा पुनः यसै प्रक्रिया अनुसार सञ्चालन गर्न सकिनेछ।

४. <u>विद्यालय सेवा क्षेत्रमा कोभिड-१९ को अवस्था विश्लेषण गरी विद्यालय सञ्चालन पूर्व गर्नुपर्ने तयारीका लागि प्रत्येक विद्यालयमा निम्न बमोजिमको एक सुरक्षित विद्यालय सञ्चालन सहजीकरण समिति रहने छ ।</u>

| | |
|---|---|
| • विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | अध्यक्ष |
| • विद्यालय रहेको वडाको वडा अध्यक्ष | सदस्य |
| • विद्यालय रहेको वडाका अन्य सदस्यहरू | सदस्य |
| • शिक्षक अभिभावक समितिको अध्यक्ष | सदस्य |
| • विद्यालय व्यवस्थापन समितिका अन्य पदाधिकारीहरू | सदस्य |
| • स्थानीय स्वास्थ्य संस्थाको प्रतिनिधि | सदस्य |
| • वाल/युवा क्लबका पदाधिकारीहरू | सदस्य |
| • स्थानीय शिक्षा सेवीहरू | सदस्य |

राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख
... नगरपालिका

- विद्यालयका शिक्षक तथा कर्मचारीहरू — सदस्य
- प्रधानाध्यापक — सदस्य सचिव

विद्यालयले आवश्यक ठानेका अन्य व्यक्तिहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

५. <u>विद्यालय सञ्चालन सहजीकरण समितिका कार्यहरू:</u>

बुँदा नं ३ बमोजिम प्रत्येक विद्यालयले गठन गरेको विद्यालय सञ्चालन सहजीकरण समितिको कार्य निम्न बमोजिम हुनेछ ।

- कोभिड-१९ सङ्क्रमणको विश्लेषण गरी जोखिम कम भएको अवस्था भएमा विद्यालय पुनः सञ्चालनका लागि आधारहरू तयार पार्नु,
- विद्यालय सञ्चालन समय, मिति तथा कक्षा सञ्चालनका आलो पालो, सिफ्ट वा अन्य मोडालिटी स्वीकृत गर्नु,
- बालबालिकाको कक्षामा उपस्थित स्वैच्छिक हुनु पर्ने र विद्यालयमा उपस्थित नभएका विद्यार्थीको सिकाइका लागि वैकल्पिक व्यवस्था मिलाउने,
- विद्यालय सञ्चालनका क्रममा स्वास्थ्यका दृष्टिले विद्यालय सुरक्षित रहे नरहेको अनुगमनका लागि जिम्मेवारी तोक्नु,
- सङ्क्रमणको अवस्था पुनः जटिल भएमा विद्यालय बन्द गर्नका लागि नगरपालिकालाई सिफारिस गर्नु,
- विद्यालय सञ्चालन सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्नु ।

६. <u>विद्यार्थी सिकाइ सहरीकरणका वैकल्पिक व्यवस्था:</u>

विद्यालय पुनः सञ्चालनमा विद्यार्थीको उपस्थिति स्वैच्छिक हुने भएको हुँदा विद्यालयमा नियमित उपस्थिति हुन नसक्ने विद्यार्थीका सिकाइका लागि हाललाई कक्षा-६ देखि १० सम्मका लागि अनिवार्य विषयका विषय शिक्षकहरूबाट सिकाइ सामग्री निर्माण गर्न लगाई ती कक्षाका सबै विद्यार्थीहरूमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । स्वास्थ्य जोखिमको अवस्था बढ्दै गई पुनः विद्यालय बन्द गर्नु पर्ने भएमा सिकाइका अन्य वैकल्पिक विधिहरू अवलम्बन गरिनेछ ।

७. <u>सुरक्षित विद्यालय अनुगमन:</u>

यो विद्यालय पुनः सञ्चालन कार्य प्रक्रिया, २०७७ ले निर्धारण गरेका सूचक तथा मापदण्डहरूका आधारमा विद्यालय सुरक्षित रहे वा नरहेको अनुगमनका लागि अनुसूचि-१ बमोजिमको अनुगमन फाराम प्रयोग गरी अनुगमन गरिनेछ । अनुगमनमा कुनै मापदण्ड पुरा भएको नपाइएमा आवश्यक सुझाव दिइने र सो सुझाव पालन नगर्ने विद्यालयलाई शिक्षा समितिले आवश्यक कार्यवाही गर्नेछ ।

अनुसूचि-१
कनकाई नगरपालिका
विद्यालय पुनः सञ्चालन अनुगमन फारम,२०७७
(सुरक्षित विद्यालय रूजुसूची)

विद्यालयको नामः

ठेगानाः झापा जिल्ला कनकाई नगरपालिका वडा नं

स्थानीय टोलको नामः सम्पर्क नं.

| क्र.सं. | विवरण | व्यवस्था र प्रयोग (छ/छैन) | | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षक, अभिभावक, विद्यालय समुदाय, बाल/युवाक्लब, जनप्रतिनिधि, स्वास्थ्यकर्मी आदिको समन्वय र सहभागितामा विद्यालय खोल्ने आधार तयार गरिएको | | | |
| २ | बालविकास लगायतका सबै बालबालिकाहरूको सङ्ख्याका आधारमा सफापानी र साबुन सहितको हातधुने व्यवस्था | | | |
| ३ | कक्षाकोठा, कार्यालय, रेलिङ, खाजा टेबल, खेल सामग्री, सिकाइ सामग्री र सवारी साधन आदिमा दिनमा कम्तीमा एकपटक प्रतिसंक्रमण वा निर्मलीकरण गर्ने प्रबन्ध र सोको प्रयोग | | | |
| ४ | विद्यालयमा छात्रछात्राका लागि अलग्गै शौचालय छात्राहरूका लागि सेनीटरी प्याडको व्यवस्था | | | |
| ५ | प्राथमिक स्वास्थ्य उपचार कक्ष र आइसोलेसन कक्षको व्यवस्था | | | |
| ६ | विद्यालयमा आउने बालबालिका, शिक्षक तथा विद्यालय कर्मचारीहरूमा स्वास्थ्य सम्बन्धी कुनै समस्या आएमा तत्काल अभिभावक वा घरपरिवारलाई जानकारी गराउने प्रबन्ध | | | |
| ७ | स्वास्थ्यकर्मी, मनोसामाजिक परामर्शदाता, अस्पताल, एम्बुलेन्स आदिको सम्पर्क नम्बर सहितको विवरण अद्यावधिक भएको | | | |
| ८ | भौतिक दुरी कायम हुने गरी कक्षाकोठामा विद्यार्थी बस्ने व्यवस्था | | | |
| ९ | किटाणुरहित विद्यालय तथा स्वच्छता व्यवस्थापनको अनुगमनका जिम्मेवारी किटान भएको संयन्त्र | | | |



राजेन्द्र कुमार पोखरेल
प्रमुख
कनकाई नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| १० | विद्यालयमै कम्तीमा कक्षा ५ सम्मका लागि दिवा खाजाको व्यवस्था | | | |
| ११ | बालबालिकाहरूलाई मनोपरामर्श तथा उत्प्रेरणा गर्ने सिपको अभिमुखीकरण वा पूर्व तयारी | | | |
| १२ | कठिन अवस्थाका बालबालिकाहरूलाई निरन्तर सिकाइका लागि वैकल्पिक प्रणालीद्वारा विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम वैकल्पिक विधि सहितको उपचारात्मक सिकाइको व्यवस्था | | | |
| १३ | सबै बालबालिकाहरूलाई पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको प्रबन्ध | | | |
| १४ | विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, स्वास्थ्य संस्था, साझेदार संस्था तथा विद्यालय व्यवस्थापन समिति बीच समन्वय गर्ने व्यवस्था | | | |
| १५ | विद्यालयका समग्र दैनिक गतिविधि, आचारसंहिताको पालना र कार्यान्वयनको पालना अनुगमन तथा सहजीकरण व्यवस्था | | | |
| १६ | कोभिड-१९ को पुनः सङ्क्रमण वा अन्य विषम अवस्थामा आइपरेमा तत्काल गर्नुपर्ने प्रतिकार्यको तयारी | | | |
| १७ | विद्यालयमा स्वास्थ्य परीक्षण विना बाहिरी व्यक्तिहरूको प्रवेश निषेधको व्यवस्था | | | |
| १८ | विद्यार्थी, शिक्षक तथा विद्यालय कर्मचारीहरूले अनिवार्य रूपमा मास्क प्रयोग गर्ने व्यवस्था | | | |
| १९ | विद्यालय सञ्चालन भएपछि पूर्वाधार तथा सुविधाहरूको आवश्यक सुधारका लागि पूर्वतयारीको अवस्था | | | |

अनुगमन कर्ताले दिएका सुझावहरूः

- 
- 
- 
- 
- 

अनुगमन गर्नेको नामथरः

हस्ताक्षरः

मितिः

अनुगमन गर्नेको नामथरः

हस्ताक्षरः

प्रधानाध्यापकको हस्ताक्षरः

प्रमुख

कनकाई नगरपालिका